नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)
Communist Party of Nepal (Unified Socialist)
केन्द्रीय कमिटी/Central Committee

मितिः २०७९/५/८

# प्रेस विज्ञप्ती

आज भाद्र ८ गते हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का केन्द्रीय विभाग प्रमुख तथा उपप्रमुखहरूको संयुक्त बैठक पार्टीका महासचिव तथा सङ्गठन विभाग प्रमुख कमरेड डा. बेदुराम भुसालको अध्यक्षतामा पार्टी केन्द्रीय कार्यालयमा सम्पन्न भएको छ । पार्टी अध्यक्ष कमरेड माधवकुमार नेपालको विशेष उपस्थिति रहेको उक्त बैठकमा केन्द्रीय विभागका प्रमुख तथा उपप्रमुख कमरेडहरूले आ-आफ्नो विभागबाट सम्पादन गरिएका विभागीय कामहरूको रिपोटिङ्ग गर्नुका साथै विभागका कार्ययोजनाहरू प्रस्तुत गर्नु भएको थियो । बैठकमा आगामी प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका सन्दर्भमा जारी गरिने चुनावी घोषणापत्रका लागि सुझाव लिने काम समेत गरिएको थियो ।

अध्यक्ष कमरेड माधवकुमार नेपालले बैठकलाई सम्बोधन गर्दै विभागहरूले सम्पादन गरेका कामको चर्चा गर्नुका साथै विभागहरूले पार्टीलाई विभिन्न विषयमा नीति तथा योजना निर्माणका लागि ठोस प्रस्तावहरू प्रस्तुत गर्न आग्रह गर्नु भएको थियो । उहाँले देशमा अहिले यत्रतत्र बेथिति रहेको चर्चा गर्दै लोक कल्याणकारी राज्यको अनुभूति हुने गरी नीति तथा योजना निर्माण गर्नका लागि हामीले विशेष पहल गर्नुपर्ने कुरामा जोड दिनु भएको थियो । साथै, विभागका प्रमुख, उपप्रमुखहरूलाई आगामी निर्वाचनमा विशेष जिम्मा लिएर पार्टीलाई जिताउँने अभियानमा लाग्न समेत निर्देशन दिनु भएको थियो ।

...............................
डा. बेदुराम भुसाल
महासचिव